# ललितपुर उप-महानगरपालिका कार्यालयको
# कार्यक्षमताको मुल्यांङ्कन, खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी सुचना
# मिति २०७२।०८।११

ललितपुर उप-महानगरपालिका कार्यालयको रिक्त तपशिलका पदहरुमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ र २२३ मा भएको व्यवस्था बमोजिम कार्यक्षमताको मुल्याङ्कन, खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा बाट स्थायी पदपुर्तिको लागी पदपुर्ति समितिको मिति २०७२/०८/०९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट ललितपुर उप-महानगरपालिका कार्यालय, राजश्व प्रशासन महाशाखाबाट उपलब्ध हुने दरखास्त फाराम रित पूर्वक आफुले भरी प्राप्त गरेका शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो समेत संलग्न गरी तोकिए बमोजिमको परीक्षा दस्तुर राजश्व प्रशासन महाशाखामा बुझाई सक्कलै रसिद संलग्न गरी तोकिएको म्याद भित्र ललितपुर उप-महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ ।

## १. कार्यक्षमताको मुल्यांङ्कनको आधारमा हुने बढुवा

| क्र.सं. | विज्ञापन नं. | पद, तह, सेवा/समूह/उपसमूह | कार्यक्षमता मूल्याङ्कन | जम्मा |
|---|---|---|---|---|
| १ | १/०७२।७३ | बरिष्ठ अधिकृत, अधिकृत स्तर आठौं<br>प्रशासन / सामान्य प्रशासन | १ | १ |
| २ | २/०७२।७३ | बरिष्ठ कानून अधिकृत, अधिकृत स्तर आठौं<br>प्रशासन / कानुन | १ | १ |
| ३ | ३/०७२।७३ | बरिष्ठ सि.ई., अधिकृत स्तर आठौं<br>प्राबिधिक /ईन्जिनियर | १ | १ |
| ४ | ४/०७२।७३ | बरिष्ठ अधिकृत, अधिकृत स्तर सातौं<br>प्रशासन सेवा/सामान्य प्रशासन | ४ | ४ |

**द्रष्टव्यः**

१) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२८ बमोजिम बढुवाको लागी अयोग्य नभएको हुनुपर्नेछ ।
२) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२४ र २२५ बमोजिम एक तह मुनिको पदमा कम्तीमा ५ वर्ष काम गरेको हुनुपर्ने ।
३) दरखास्त फाराम साथ हाल बहालमा रहेको पदको लागी आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,आफु बहाल रहेको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि, सेवाकालीन तालिमको हकमा सेवा समुह सम्बन्धित विषयमा एक महिना वा सो भन्दा बढिको सेवाकालीन तालिमको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४) दरखास्त फाराम २०७२ साल पुस १६ गते सम्म बुझाउनुपर्नेछ ।

# ललितपुर उप-महानगरपालिका कार्यालयको
# कार्यक्षमताको मुल्यांङ्कन, खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी सुचना
# मिति २०७२।०८।११

**२. खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा**

| क्र. सं. | विज्ञापन नं. | पद, तह, सेवा/समूह/उपसमूह | आ.प्र/खुला र समावेशी | माग पद संख्या | लिखित परीक्षा कार्यक्रम मिति र समय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्धितीय पत्र | तृतीय पत्र |
| १ | ५/०७२।७३ | बरिष्ठ अधिकृत, अधिकृत स्तर सातौं, प्रशासन सेवा/सामान्य प्रशासन | आ.प्र | १ | २०७२/१०/०५ बिहान ८:०० बजे | २०७२/१०/०६ बिहान ८:०० बजे | - |
| २ | ६/०७२।७३ | कानुन अधिकृत, अधिकृत स्तर छैठौं कानुन/प्रशासन | खुल्ला | १ | २०७२/१०/०७ बिहान ८:०० बजे | २०७२/१०/०८ बिहान ८:०० बजे | २०७२/१०/०८ दिउंसो २:०० बजे |
| ३ | ७/०७२।७३ | जनस्वास्थ्य अधिकृत, अधिकृत स्तर छैठौं ,प्राबिधिक/जनस्वास्थ | खुल्ला | १ | २०७२/१०/०९ बिहान ८:०० बजे | २०७२/१०/०९ दिउंसो २:०० बजे | - |
| ४ | ८/०७२।७३ | स्ट्रक्चरल इञ्जिनियर, अधिकृत स्तर छैठौं, प्राविधिक/ईन्जिनियर | खुल्ला | १ | २०७२/१०/१० बिहान ८:०० बजे | २०७२/१०/११ बिहान ८:०० बजे | - |
| ५ | ९/०७२।७३ | स्ट्रक्चरल इञ्जिनियर, अधिकृत स्तर छैठौं, प्राविधिक/ईन्जिनियर | समावेशी (महिला) | १ | २०७२/१०/१२ बिहान ८:०० बजे | २०७२/१०/१३ बिहान ८:०० बजे | - |
| ६ | १०/०७२।७३ | मेकानिकल इञ्जिनियर, अधिकृत स्तर छैठौं, प्राविधिक/ईन्जिनियर | खुल्ला | १ | २०७२/१०/१४ बिहान ८:०० बजे | २०७२/१०/१५ बिहान ८:०० बजे | - |

**द्रष्टव्यः**

१) परीक्षाको किसिमः लिखित,सीप परीक्षण र अर्न्तवार्ता ।

२) परीक्षा केन्द्रः पछि तोके बमोजिम हुनेछ ।

३) परीक्षा दस्तुरः अधिकृत स्तरको लागी रु.१०००।- ( कार्यक्षमताको मुल्यांङ्कन,खुला तथा आन्तरीक प्रतियोगितात्मक परीक्षाको लागी) बुझाउनु पर्नेछ ।

४) दरखास्त दिने अन्तिम मितिः २०७२ साल पुस २ गते सम्म । दोब्बर दस्तुर २०७२ साल पुस ९ गते सम्म ।

५) सीप परीक्षणःकानुन अधिकृतको हकमा कम्प्युटर सीप परीक्षणको मिति लिखित परीक्षाको नतिजा संगै प्रकाशन गरीनेछ ।

६) अर्न्तवार्ता हुने मितिः लिखित परीक्षाको नतिजा प्रकाशन हुंदा सुचना गरिनेछ ।

७) पदमा रहि कामगर्नुपर्ने कामको विवरण : सेवा समुह सम्बन्धि ।

८) तलबः प्रचलित स्केल बमोजिम ।

९) आवश्यक न्युनतम शैक्षिक योग्यताः

**क) आन्तरिक प्रतियोगिताको लागिः**

अ) बरिष्ठ अधिकृत सातौंःललितपुर उपमहानगरपालिका कार्यालय अर्न्तगत प्रशासन सेवाको अधिकृत स्तर छैठौं तहको पदमा स्थायी नियुक्ति भई न्युनतम ५ वर्ष सेवा अवधि पुरा भएको र स्नातक तह उत्त्तीर्ण गरेको ।

**ख) खुल्ला प्रतियोगीताको लागी**

अ) कानुन अधिकृत, अधिकृत स्तर छैठौंःमान्यता प्राप्त विश्वविधालय वा शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह उत्तीर्ण गरेको ।

आ) जनस्वास्थ अधिकृत, अधिकृत स्तर छैठौंः मान्यता प्राप्त शिक्षण संस्था बाट पब्लिक हेल्थ विषयमा स्नातक तह उत्तीर्ण गरेको ।

इ) स्ट्रक्चरल इञ्जिनियर, अधिकृत स्तर छैठौंःमान्यता प्राप्त शिक्षण संस्था वा विश्वविधालय बाट स्ट्रक्चरल ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

ई) मेकानिकल ईन्जिनियर, अधिकृत स्तर छैठौंः मेकानिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्त्तीर्ण गरेको ।

१०) उमेरको हदः अधिकृत स्तर पदको लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको साथै स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३ (क)/५ बमोजिम यस उपमहानगरपालिकामा कुनै पनि पदमा कम्तीमा १(एक) वर्ष अविछिन्न रुपमा सेवा गरेको कर्मचारीको हकमा उमेरको हदको बन्देज लाग्ने छैन ।

११) अन्य व्यवस्था स्थानीय स्वायत्त शासन ऐन र नियमावली बमोजिम हुनेछ ।

१२) पाठ्यक्रम ललितपुर उपमहानगरपालिका कार्यालयको Website : **www.lalitpurmun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

**पदपूर्ति समितिको सचिवालय**
**ललितपुर उप-महानगरपालिका कार्यालय**